खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय भद्रकाली प्लाजा, काठमाडौँ

दिपावली विशेष रैथाने मेला २०८३ मा सहभागिताका लागि सूचना

(प्रकाशित मिति २०८३।०७।१७)

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडद्वारा नेपालीहरूको महान् पर्व शुभ दीपावलीको अवसरमा नेपाली मौलिक संस्कृति, रैथाने उत्पादन, स्थानीय उद्यमशीलता तथा स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले "तिहार विशेष रैथाने मेला २०८३" आयोजना गर्न लागिएको छ। यस मेलामा आफ्ना मौलिक उत्पादनहरूको प्रदर्शनी तथा बिक्री वितरण गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था, महिला तथा युवा उद्यमी एवं रैथाने तथा स्थानीय उत्पादकहरूबाट ३ दिनभित्र स्टल सहभागिताका लागि आवेदन आह्वान गरिन्छ।

१. मेला आयोजना सम्बन्धी विवरण

मेला सञ्चालन हुने मिति : २०८३ साल कार्तिक २१ गतेदेखि २३ गतेसम्म (३ दिन)

मेला आयोजना हुने स्थान : खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, बागमती प्रादेशिक कार्यालय परिसर, थापाथली, काठमाडौँ

आयोजक : खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

२. स्टलमा प्रदर्शनी तथा बिक्री गर्न सकिने उत्पादनहरू:

मेलामा निम्न प्रकारका मौलिक, रैथाने तथा स्थानीय उत्पादनहरूलाई प्राथमिकता दिइनेछ :

- तिहार विशेष परिकार तथा परम्परागत खाद्य सामग्री
- फूल, माला तथा सजावटका सामग्री
- परम्परागत पोसाक तथा हस्तकलाका सामग्री
- माटाका भाँडाकुँडा तथा परम्परागत सामग्री
- रैथाने बाली, कृषि उपज तथा स्थानीय उत्पादन
- अन्य मौलिक, स्थानीय तथा स्वदेशी उत्पादनहरू

३. स्टल शुल्क

- प्रति स्टल शुल्क रु. ५,०००/- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र), मूल्य अभिवृद्धि कर (VAT) बाहेक

४. आवेदन तथा सम्पर्क प्रक्रिया

मेलामा स्टल सहभागिताका लागि इच्छुक उत्पादक तथा उद्यमीहरूले आफ्नो व्यावसायिक विवरण, उत्पादनको प्रकृति तथा स्टल सहभागितासम्बन्धी प्रस्ताव निम्न माध्यमबाट पेश गर्न सक्नेछन्।

इमेल: businesspromotion@fmtc.org.np

सम्पर्क नम्बर : ९८५१४९७५१४

मेलासम्बन्धी थप जानकारी, स्टल व्यवस्थापन तथा सहभागिताको प्रक्रियाबारे माथि उल्लिखित सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिनेछ।

५. छनोट प्रक्रिया

- प्राप्त आवेदन तथा प्रस्तावहरूको मूल्याङ्कन व्यावसायिक उपयुक्तता, उत्पादनको मौलिकता, गुणस्तर तथा मेलाको उद्देश्यसँगको सान्दर्भिकताका आधारमा गरिनेछ।
- स्टलको संख्याभन्दा बढी आवेदन परेमा बढाबढको आधारमा स्टल उपलब्ध गराइनेछ।

६. सहभागिताका लागि अनुरोध

स्टल सङ्ख्या सीमित रहेकाले इच्छुक कृषक, उत्पादक तथा उद्यमीहरूलाई समयमै आवेदन पेश गरी आफ्नो सहभागिता सुनिश्चित गर्न हार्दिक अनुरोध गरिन्छ।

दिपावली पर्वको उल्लाससँगै नेपाली रैथाने उत्पादन,

मौलिक संस्कृति तथा स्थानीय उद्यमशीलताको प्रवर्द्धनमा सहकार्य गरौँ।

आयोजक:

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालय भद्रकाली प्लाजा, काठमाडौँ

Scanned with CamScanner